सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ७३ ♦ २०८१ साल असोज २४ गते विहिवार ♦ 10 Oct 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**वडा दसैंको शुभकामना**

विजया दशमीको सुखद अबसरमा हाम्रा तमाम विद्धान पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाना। साथै खबर दर्पणको अगामी अंक कार्तिक १ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ।

खबर दर्पण परिवार

## २५ वर्षमा बदलिएको बर्दिवास



**शैलेन्द्र महतो**

**असोज २३ गते, बर्दिवास**

दोलखा तामाकोशी गाउँपालिका-४, च्यामाकोशीका ५१ वर्षीय नारायण घिमिरे २०६९ सालमा महोत्तरीको बर्दिवासमा बसाइँ सरे। बर्दिवास नगरपालिका-३, गौरीबाडामा बस्दै आएका घिमिरेको बजार चोकमै गौरीशंकर होटल एण्ड लज सञ्चालनमा छ।

बसाइँ सर्नुअघि उनी काठमाडौंमा मोटर व्यवसायमा आबद्ध थिए। व्यापारिक दृष्टिकोणले बर्दिवास उपयुक्त लागेकोले दोलखाबाट यहाँ बसाइँ सरेको उनी बताउँछन्। 'म मोटर व्यवसायी थिएँ। विभिन्न ठाउँ घुम्नुपर्थ्यो। यहाँको शान्त वातावरण, व्यापारको सम्भावना र अन्यत्र जाने सुविधाले ठाउँ उपयुक्त लाग्यो', उनले भने। घिमिरे भन्छन्, 'यहाँ केही आफन्तहरू पनि बसेकाले अपनत्व महसुस भयो। अनि दोलखाको घरघडेरी बेचेर सरें।' बुवा फौदसिंह घिमिरे र हजुर बुवा मानबहादुर घिमिरे पनि पाँच दशकअघि बर्दिवास हुँदै घरमा पैदल खाद्यान्न र नुन बोकेर लैजान्थे। जसले गर्दा उनी बर्दिवासको बारेमा धेरथोर परिचित थिए।

बर्दिवास आएपछि घिमिरेलाई कुनै असहज भएन। अहिलेसम्म उनका चार जना आफन्त पनि दोलखाबाट यहाँ सरेका छन्। साहिंलो भाइ कुबेर, कान्छो भाइ कमल, जेठान नारायण फुयाल र जेठी छोरी सविता घिमिरेको परिवार पनि यहाँ बसाइँ सरेको छ। दोलखाको तामाकोशी गाउँपालिका-४, च्यामाकोशी बाट सरेर बर्दिवासको गौरीबाडामा बसोबास गर्नेहरूले आफ्नो टोलको नाम नै 'च्यामालीटोल' राखेका छन्। यो बस्तीमा करिब ५० परिवारको बसोबास छ।

## बसाइँ सरी आउनेको लर्को



रामेछाप नगरपालिका-२ बाट बसाइँ सरेर बर्दिवास-३ पाटुमा आएका राजन रोक्कालाई यहाँको वातावरण आकर्षक लाग्छ। उनले बर्दिवास बजार चोकमै सटर भाडामा लिएर संगीता जुस एण्ड लस्सी सेन्टर सञ्चालन गरेको तीन वर्ष भयो। परिवार राम्रै गरी चलिरहेको छ।

६ वर्ष मलेसियामा श्रम गरी घर फर्केका राजनले शान्त र व्यावसायिक सम्भावना बोकेको ठाउँको खोजीमा बर्दिवास रोजे। उनको घर र जुस सेन्टर बीचको दूरी चार किलोमिटर छ। चार जनाको परिवार सहज रूपमा चलिरहेको छ।

'बर्दिवास राम्रो लाग्यो, त्यसैले रामेछापबाट यहाँ सरें' उनी भन्छन्, 'आफ्नै जुस पसलले खान-लाउन पुग्छ। आवतजावत गर्न पनि सजिलो छ। अब यही ठाउँमा स्थायी रूपमा बस्ने सोच छ।'

यसरी बासाइँ सरेर आउने घरपरिवारहरूको संख्या धेरै छ यहाँ। व्यापार व्यवसायको राम्रो स्थल, मधेशी तथा पहाडी समुदाय एवं विभिन्न जातजातिको मिश्रित बस्ती लगायतका कारणले बर्दिवास पछिल्लो समय मधेश प्रदेशकै एक आकर्षक स्थल बन्न पुगेको छ।

देश संघीयतामा रूपान्तरण भएपछि साविकको आठ वटा गाउँ विकास समिति समावेश गरी बर्दिवास नगर पालिका बनेको हो। जसमा साविक गाविसहरू बर्दिवास, गौरीबास, माइस्थान, किसाननगर, हतीलेट, बिजलपुरा, पशुपतिनगर र खयरमारा छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार बर्दिवास नगर पालिकाको घरधुरी संख्या १६ हजार ८२४ छ भने जनसंख्या ७४ हजार ३६१।

पर्साको वीरगञ्ज महानगरपालिका-१४ का मनिराज खतिवडा र उनको परिवार २०७३ सालमा बर्दिवास वडा नम्बर १ मा स्थायी रूपमा बसाइँ सरे। २०४० देखि २०७१ सम्म जनकपुर-जयनगर रेल्वेमा स्टेशन मास्टरको रूपमा काम गर्दा उनले आफ्नो परिवारलाई धनुषाको खजुरी र त्यसपछि जनकपुरमा रेल्वेको आवासमा राखेका थिए।

अवकाशपछि परिवारसँग सल्लाह गरेर वीरगञ्ज फर्कने कि अन्यत्र बस्ने भन्ने निर्णय लिनुपर्ने थियो। अन्ततः पाँच जनाको परिवारले बर्दिवास रोज्यो। मनिराजले बर्दिवासको नमूना टोलमा १० धुर जग्गा किनेर घर बनाएका छन्।

'अवकाशपछि जनकपुर बस्ने कि वीरगञ्ज फर्कने वा काठमाडौं जाने भन्ने विकल्प थियो। तर, २०७२ को मधेश आन्दोलनमा पनि बर्दिवास शान्त थियो। बन्द-हड्ताल केही भएन। त्यसैले हामीले यो ठाउँ रोज्यौं', मनिराज भन्छन्। उनको घर भएको 'नमूना टोल' अहिले बाक्लो बस्तीमा बदलिएको छ।

*बाँकी पृष्ठ २ मा*

# २५ वर्षमा बदलिएको................

पञ्जीकरण शाखाकी कर्मचारी इन्दिरा पहाडीले उपलब्ध गराएको तथ्यांक अनुसार, वडा नम्बर १ मा सो अवधिमा २११ घरपरिवार अन्यत्रबाट बसाइँ सरी आएका छन् भने यहाँबाट ६० घरधुरी अन्यत्र गएका छन्। यस्तै वडा नम्बर २ मा १८१ बसाइँ सरी आए भने २९ परिवार अन्यत्र बसाइँ सरी गए। वडा नम्बर ३ मा १८६ घरधुरी आए भने ६५ घरधुरी अन्यत्र सरे। यस्तै वडा नम्बर १४ मा ८८ घरपरिवार आए भने ३५ घरधुरी अन्यत्र सरेका छन्।
यी चार वटा वडामा बसाइँ सरी आउने ६६६ घरपरिवारको कुल जनसंख्या २ हजार ३१८ छ भने सो अवधिमा बाहिरिने १९० घरधुरीको जनसंख्या ५९० छ। यद्यपि यी वडाहरूमा हाल कति घरधुरी छन् भन्ने तथ्यांक २०७८ को जनगणनापछि अद्यावधिक नभएको बर्दिवास नगरपालिकाका सोमकुमार फुयाल बताउँछन्।
साविक गाविसहरू बर्दिवास र गौरीबास अर्थात् हालका वडा नम्बर १, २, ३ र १४ नम्बर वडाको राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्यांकमा धेरै अन्तर पाइन्छ। जनगणना २०६८ अनुसार साविक बर्दिवास गाविसको जम्मा घरपरिवारको संख्या २ हजार ७१० थियो भने कुल जनसंख्या १२ हजार ५८४।
साविकको बर्दिवास गाविसको हालको नगरपालिकाको वडा नम्बर १, २ र १४ मा राष्ट्रिय जनगणना २०७८ अनुसार घरधुरी संख्या ४ हजार २८९ पुगेको छ। र तीनै वटा वडाको जनसंख्या १८ हजार ३०८ छ। साविक बर्दिवासको १० वर्षको तुलनामा घरधुरी संख्या १ हजार ५७९ ले बढेको छ भने जनसंख्या ५ हजार



७२२ ले।
राष्ट्रिय तथ्यांक कार्यालय थापाथली काठमाडौंका सूचना अधिकारी, मनोहर घिमिरेले उपलब्ध गराएको राष्ट्रिय जनगणना २०५८ मा तत्कालीन बर्दिवास गाविस अर्थात् हालको नगरपालिकाको वडा नम्बर १, २ र १४ को घरपरिवार १ हजार ६४३ थियो। जहाँ जम्मा जनसंख्या ८ हजार ८५९ थियो।

तत्कालीन गौरीवास गाविस अर्थात् हालको वडा नम्बर ३ मा जम्मा घरपरिवार संख्या १,०९४ थियो भने जनसंख्या ५,७३२। राष्ट्रिय जनगणना २०४८ अनुसार बर्दिवास गाविसको घरपरिवार १,०९० थियो भने जम्मा जनसंख्या ६,०४९। यस्तै गौरीवास गाविस अर्थात् हालको वडा नम्बर ३ को घरपरिवार संख्या ८१० थियो भने जनसंख्या ४,३०८।

## कसरी बन्यो बर्दिवास ?

अतीतमा महोत्तरीको दक्षिणी क्षेत्रका औरही, गौशाला, रामगोपालपुर लगायतका गाविस र छिमेकी भारतबाट मानिसहरू चुरे क्षेत्रका काठ ढुवानी गर्न बर्दिवास आउने गर्थे। बर्दिवास र गौरीवासको भूभाग चुरे क्षेत्र थियो। हालको बर्दिवास नगरपालिका-२ मा अवस्थित कामेश्वरनाथ महादेव मन्दिर र अगाडिको पोखरी वरिपरि विश्रामस्थल थियो।
काठ ओसारपसार गर्न गोरुगाडा प्रमुख सवारी साधनको रूपमा प्रयोग हुन्थ्यो। पानीको कारण पोखरी वरिपरि मानिस र गोरुको वास हुन्थ्यो। मैथिली भाषामा गोरुलाई 'बरद' भन्ने गरिन्छ। बरद बस्ने ठाउँका कारण यो स्थानलाई 'बरदवास' भनिन्थ्यो।
समयसँगै अपभ्रंश भएर 'बर्दिवास' नाम स्थापित भयो भन्ने जनविश्वास रहेको बर्दिवासका अग्रज पत्रकार गोपाल बराल सुनाउँछन्। उनका अनुसार अर्को कथन भारतबाट जागिर गरी फर्केका सिपाहीहरू यहाँ आउँदा बर्दी खोलेर बस्ने गरेका कारण यसको नाम 'बर्दिवास' रहन गएको हो भन्ने भनाइ पनि छ।
'अहिलेसम्म हामीले पाकाहरूबाट सुनेको यही कुरा हो। अब यी दुई मध्ये नै एक हुन सक्छ। बरदवासबाट नै अपभ्रंश भएर बर्दिवास भएको हो भन्ने मेरो बुझाइ छ', उनले भने।
स्थानीय ८५ वर्षीय नारायण अधिकारी बर्दिवासको बिगत यसरी सम्झन्छन्। उनका अनुसार बुबा कालिप्रसादले २०२२ सालमा रामेछापको कठजोरबाट झरेर ४ हजार रुपैयाँ बिघाले बर्दिवास चोक छेउमै साढे ४ बिघा जग्गा किनेका थिए। त्यसबेला बर्दिवासमा छिटफुट खरले छाएको फुसका घर मात्रै थिए।


८५ वर्षीय नारायण अधिकारी

## यसकारण बढ्यो बर्दिवासप्रति आकर्षण

२०२८ सालमा पूर्व-पश्चिम महेन्द्र राजमार्ग खुलेपछि बर्दिवासमा जनसंख्या बढ्न थालेको स्थानीय शंकर भनिने दानविक्रम थापा बताउँछन्। २०५१ सालदेखि बर्दिवासमा चिया बेचिरहेका थापा १९ वर्षको हुँदा सिन्धुलीको रातमाटे खन्याखर्कबाट यहाँ आएका थिए।
'२०२८ सालतिरै बुबाले १५ कट्ठा जग्गा किन्नुभएको थियो। म यता आउँदा १९ वर्षको थिएँ। २०५१ सालदेखि चियापसल गरिरहेको छु' उनले भने, 'त्यतिबेलादेखि नै बर्दिवास शान्त ठाउँ हो।'
२०५२ सालमा काठमाडौं जोड्ने गरी बर्दिवास धुलिखेल बीपी राजमार्ग बन्न थाल्यो। पूर्वी तराई जोड्न खुलेको बीपी राजमार्ग सञ्चालनमा आएपछि यो ठाउँ व्यावसायिक रूपमा चम्कियो। उनी भन्छन्, 'बीपी राजमार्ग बनिसकेपछि यहाँ बसाइँ सरेर आउनेको संख्या ह्वात्तै बढ्यो।'
पूर्व-पश्चिम राजमार्ग, संघीय राजधानी जोड्ने बीपी राजमार्गले छोएपछि बर्दिवासमा धेरैको आँखा पर्न थाल्यो। मधेश प्रदेशकै बीचको तथा सुरक्षित शहरको रूपमा पनि बर्दिवास चिनिन्छ। खासमा बर्दिवासको चर्चा जोडतोडले चुलिएको २०७२ सालबाट हो।
त्यसबेला संविधान जारी हुन आँटेको बेला संयुक्त मधेशी मोर्चाले गरेको ६ महिना लामो मधेश आन्दोलनले बर्दिवासलाई कुनै असर पारेन। अन्य शहरहरू बन्द भए पनि भारतबाट साइकल तथा मोटरसाइकलमा आउने खाद्यान्न, डिजल, पेट्रोल, ग्याँस बर्दिवास हुँदै काठमाडौंसम्म पुगिरह्यो।
त्यसबेला अन्यत्रका व्यवसायी पनि बर्दिवास केन्द्रित हुन थाले। मधेशी मोर्चाले पटक-पटक बर्दिवास बजार बन्द गराउन चाह्यो। तर, यहाँका बासिन्दाले त्यो सम्भव हुन दिएनन्। पहाडी र मधेशी समुदायको मिश्रित बसोबास रहेको यो ठाउँमा आन्तरिक द्वन्द्व पनि देखिएन।
त्यसबेलादेखि नै बर्दिवासले शान्त शहर भन्ने आफ्नो परिचय बनायो। बर्दिवासको माइस्थानमा सशस्त्र प्रहरीको मधेश प्रदेश गण, नेपाली सेनाको मधेश प्रदेश स्तरीय मध्यपूर्वी पृतना, चोकमै जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरी, गौरीबाडामा इलाका प्रहरी कार्यालय छ।
बर्दिवासका पुराना होटल व्यवसायी हीरा गौतमका भनाइमा पछिल्लो समय बर्दिवास होल व्यवसायको



'हब' बनेको छ। बाहिरका पर्यटक यहाँ बस्न रुचाउने हुँदा व्यापार-व्यवसाय फस्टाएको छ। उनी भन्छन्, 'राजमार्गहरूको हिसाबले यो शहर सुविधासम्पन्न छ। मधेशको बीच भागमा पनि पर्छ। यसैले होला मधेश प्रदेशका कार्यक्रमहरू बर्दिवास केन्द्रित हुन थालेका छन्।'
स्थानीय समेत रहेका नेकपा एमालेका नेता शंकर महतो राजमार्ग, व्यवसाय, वातावरणसँगै पछिल्लो समय शिक्षाको हब पनि बनेकाले मानिसको आकर्षण बढेको बताउँछन्। 'शान्त र बस्ने सुविधा छ। सँगसँगै शिक्षाका लागि पनि राम्रो अवसर छ। पछिल्लो समय बर्दिवासका विद्यालय तथा कलेजहरूमा राम्रो पठनपाठनले पनि मानिसहरूको ध्यान तानेको छ', उनी भन्छन्।
वडा नम्बर १ का वडाध्यक्ष भोला खड्का बर्दिवास नमूना शहरको रूपमा विकास हुँदै जानुमा यहाँको समाज सहिष्णु हुनुलाई कारक मान्छन्। उनी भन्छन्, 'विभिन्न जातजाति, वर्ग, लिंग, समुदायका मानिस बीचको सद्भाव नै बर्दिवासको आकर्षणको विशेषता हो।'
'बर्दिवास जाँदा सुरक्षित भइन्छ भन्ने बुझाइले मानिस यहाँ आइरहेको हुनुपर्छ', वडाध्यक्ष खड्का भन्छन्। उनका अनुसार २५ वर्षअघिसम्म पानीको समस्या, सर्प-बिच्छीको बिगबिगी रहेको भनेर मानिस यहाँ आउन चाहन्नथे तर, बीपी राजमार्ग सञ्चालनपछि बर्दिवास शहर जस्तो भएको छ। खड्काका भनाइमा अहिले बर्दिवासमा ५० देखि ६० जिल्लाका मानिसको बसोबास हुनसक्छ।

-अनलाइनखबर

# जनकपुरधामको राजदेवीमा आज बेलतोडी, खोइँछ भराइँ र बोकाबली प्रदान हुने

**खबर दर्पण समाचारदाता**

**असोज २३ गते, जनकपुरधाम**



तिथिमिति हेरफेरको कारण यस पटक विगतभन्दा बेग्लै किसिमले बडादशैँका विभिन्न साइत जुरेको छ। जसले गर्दा बिहीबार एकैपटक विजया दशमीको अवसरमा बेलतोडी, खोइँछ भराइँ र बोकाबली प्रदान हुने भएको छ ।

जनकपुरधामस्थित प्रसिद्ध शक्तिपीठ राजदेवी मन्दिरमा एकैदिन बेलतोडी, खोइँछ भराइँ र बोकाबली पनि प्रदान हुने भएको छ। सप्तमी तिथि रहेको अष्टमी तिथि पनि बेलुका सोही दिन पर्ने भएकाले बोकाबली गर्ने निणर्य गरिए अनुसार बली प्रदानको कार्यक्रम रहेको महावीर युवा कमिटीका अध्यक्ष अजयकुमार गुप्ताले जानकारी दिए ।

गुप्ताका अनुसार राजदेवी मन्दिर मा बिहीबार बेलुका साढे ६ बजेदेखि बोका बली प्रदान हुने छ। मिथिला पञ्चांगका अनुसार सो दिन सप्तमी तिथि रहे पनि बेलुका अष्टमी तिथि सुरु भएर त्यसको भोली पल्ट बिहानसम्म मात्रै अष्टमी तिथि रह्ने छ । तिथिकै हेरफेरका कारण बोकाबलीका लागि असोज २४ गतेकै मिति राख्ने निर्णय गरिएको उनले स्पष्ट गरे ।

अध्यक्ष गुप्ताले बुधबार साँझसम्ममा बोका बलीका प्रदानका लागि पाँच हजारभन्दा बढीले रसिद काटिसकेको बताए । उनले यसपटक विगतभन्दा बढी भक्तजनले बली प्रदानका लागि रसिद कटाउने भएकाले अलग अलग स्थानमा विभिन्न युवा कमिटी तथा जिम्मेवार पदाधिकारीले रसिद काट्ने गरेको बताए ।

गत वर्ष १५ हजार २५१ बोकाको बली प्रदान गरिएको थियो भने यस पटक सोभन्दा बढी बली प्रदान हुने उनको भनाइ छ । सो बोका बली प्रदानका लागि जनकपुरधाम उपमहानगर पालिकाले १५ हजारभन्दा बोराको व्यवस्थापन गरेको उनले बताए। सो बोरामा बली प्रदान गरिएको बोका राखेर भक्तजनले आ-आफ्नो गन्तव्यमा लैजाने छन् ।

# औरहीमा लाखौको धनमाल लुटपाट,एक घाइते



**धर्वेन्द्र कुमार यादव यदुव्रशी**

**असोज २३ गते, बर्दिवास**

औरहीमा मंगलवारराति डाकाहरूले एक समुहले लाखौको धनमाल लुटपाट गरिनुको साथै घरधनिलाई कुटपिट गरि घाईते समेत बनाई दिएको छ।

औरही नगरपालिका वडानं. १ बस्ने केबल साहको घरमा ६ जनाको डाका समुहले लुटपाट गरेका हुन्।मध्यरातमा घरको पछाडि पट्टी पूर्व तिरको ढोका खोली प्रवेश गरी लुटपाट मचाएका हुन्।

डाकाहरूले नगद, सुन चाँदीका गरगहना समेत गरि ५लाख ९२हजार ६सय बराबरको धनमाल लुटेर लगेको पिडितले जनाएको छ।डाकाहरूले रडले प्रहार गरि रंजित साहलाई घाइते समेत बनाई दिएको छ।साह को टाउँकोमा आठवटा टाका लागेको निजलाई औरही बजार मा रहेको राधाकृष्ण हस्पिटलमा उपचार भईरहेको छ ।

सो घटना संलग्न हुन सक्ने आसंकनमा साहकोको मिलमा पहिला काम गर्ने कामदार औरही वडानं. १ बस्ने २१ को अस्लम अंसारीलाई पक्राउ गरिएको छ ।

साथै उक्त घट्ना पश्चात औरही नगरपालिका वडानं .१ बस्ने श्रम मन्त्री शरत सिंह भण्डारी को घरमा वाल जम्प गरि प्रवेश गरे त्यहाँ बाट चार्जमा रहेको मोबाईल एक थान र माथिल्लो कोठामा रहेको दराज बाट लुगा र चेक बुक लगेको प्रहरिले जनाएको छ।







बडा दसैं को शुभकामना




बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यहाँ विहे, बर्तमन, पार्टी, तालिम, गोष्ठी, सेमिनार गर्नको लागि राम्रो वातानुकुल हलको व्यवस्था हुनुको साथै प्रयाप्त स्थान र खानापानको राम्रो व्यस्था छ।

**विएनबी होटेल, पार्टी प्यालेस, महेन्द्रनगर धनुषा**

प्रो. विनयकुमार साह, मोबाइल नं. ९८१२१५४८३२

# सोनामाई मन्दिरमा अनौठो भूतमेला शुरु

**खबर दर्पण समाचारदाता**
**असोज २३ गते, बर्दिवास**

महोत्तरीको औरही स्थित सोनामाई मन्दिरमा बुधवारदेखि भूतमेला शुरु भएको छ । अनादिकालदेखि नै बडादसैँका बेला औरही नगरपालिका-७ अवस्थित सोनामाई शक्तिपीठमा भूतमेला लाग्ने सोनामाईका पूजारी कामेश्वर झाले बताए ।

परापूर्वकालदेखि नै भूतमेलाका लागि प्रख्यातसोनामाई मन्दिर मा हरेक वर्ष वडादसैँको सप्तमीदेखि लाग्ने मेला यस वर्ष आज बिहानैदेखि शुरु भएको अर्का पूजारी घनश्याम झाले बताए । बडादसैँको सप्तमीदेखि विजयादशमीका दिनसम्म चल्ने मेलामा हजारौँ पीडित (कारनी) र दर्शनार्थीको भीड लाग्ने गर्दछ ।



भूतप्रेतले सताइएका हजारौँ पीडितहरू प्रत्येक वर्ष यस मेलामा आउने गर्छन् भने सोनामाईको कृपाले स्वस्थ हुने जनविश्वास रहेको अर्का पुजारी झगरु झा बताउँछन् । वर्षौंदेखि भूत, पिसाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवन मृत्युको दोसाधमा परेकाहरु सोनामाईको सीमाक्षेत्रमा आउने बित्तिकैको कसबाट सताइएको हो भन्नेबारे आफैँ भन्न थाल्छन् भने देवीको शक्तिले सीमाक्षेत्रमा खुट्टा टेक्ने बेलादेखि नै लड्दैपड्दै, रुँदैहाँस्दै र विभिन्न गतिविधिका साथ खेल्दै देवी दरबारसम्म पुग्ने गर्छन र दरबारमा पुगेका पीडितहरू माताको दृष्टि पर ेपछि निको भई आ-आफ्ना घर फर्कने गरेको माताका अर्का पुजारी रमेश झाले बताए । विजयादशमीका दिनसम्म चल्ने मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत मुलुकका हेटौँडा, धरान, विराटनगर र काठमाडौँदेखि भारतका सीतामढी, मधुवनी र पटनासम्मका हजारौँ पीडित महिला र पुरुष पुग्ने गरेको कुरा माताका पुजारी घनश्यामले थपे ।

घरघरमा भूतप्रेतबाट दुःख र पीडित भएका कारनी (पीडित)हरु आ-आफ्ना घरबाट रुँदै-कराउँदै यहाँ आउँछन् भने सोनामाई शक्तिपीठबाट पीडामुक्त भई हाँस्दै जाने गरेको झाँक्री बताउँछन् । सोनामाई शक्तिपीठमा दर्जनौँ धामी झाँक्री रातदिन भजनकीर्तन र भूत भगाउने काममा तल्लीन रहन्छन् भने २४सैँ घण्टा माता प्रत्यक्ष विराजमान रहेर पीडितहरूको पीडा हरण गर्ने गरेको पुजारी रमेशले बताए ।

माताको दरबारमा एकपटक पुग्ने पीडितको शरीरमा जीवनमा फेरि कहिल्यै पनि भूतप्रेत नलाग्ने विश्वास यहाँका जनताको छ । यस वर्ष मेलामा सहभागी हुन चाहने भक्तजनका लागि औरही नगरपालिकाले र ात्रिबासका साथै भोजन र सुरक्षाको राम्रो प्रबन्ध मिलाइएको जनाएको छ ।-रासस


शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,
✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प
✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल
साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,